## ठेकेदारका जिम्मेवारीहरू

संयुक्त राज्य अमेरिकाले मानव तस्करीविरूद्ध पूर्ण बन्देजको नीति लिएको छ । सबै अमेरिकी ठे … का क … अ …

यदि दुर्व्यवहार भइरहेको छ भने अमेरिका रक्षा मन्त्रालयका इन्स्पेक्टर जनरलको यी सीधा फोनमा सम्पर्क गर्नुहोस्:

**१-८००-४२४-९०९८**

वा

- गम्भीर खालको मानव तस्करीमा आफूलाई संलग्न गराउनु
- ठेक्काको काम अवधिमा व्यापारिक रूपमा शरीर बेच्ने कुनै काम गराउनु
- ठेक्का लिएको कामका लागि बँधुवा श्रमिक प्रयोग गर्नु
- काम गर्ने व्यक्तिलाई उनको परिचय खुल्ने कागजात वा अध्यागमनसम्बन्धी प्रमाणपत्रहरू नष्ट गर्नु, लुकाउनु, खोस्नु, वा त्यस्ता कागजातमा उनले चाहँदा पहुँच हुन नदिनु
- रोजगार व्यक्ति भर्ती गराउँदा वा रोजगारीका लागि प्रस्ताव गर्दा भ्रामक वा कपटपूर्ण नियम लगाउनु
- जुन देशमा कामदार भर्ती गराइँदैछ, त्यो देशको स्थानीय श्रम कानुन पालना नगर्ने भर्तीकर्ता प्रयोग गर्नु
- काममा लगाउँदा भर्ती शुल्क तिराउन

जुन देशमा ठेक्काको काम गरिन्छ, त्यहाँ अमेरिकी सरकारको ठेक्का वा उप-ठेक्काका लागि अन्य देशबाट काम भइरहेको देशमा काम गर्न ल्याइएको तथा काम भइरहेको देशको अनागरिक भए, उसको रोजगारी सकिएपछि फिर्ती यातायात वा फिर्तीका लागि बाटो-खर्च दिन असफल हुनु

## श्रमिकका अधिकारहरू

समुद्रपारका अमेरिकी संस्थापनहरूमा काम गरिरहेका कामदारहरूका निम्नलगायत अधिकार हुन्छन्:

- आफ्नो राहदानी वा परिचय खुल्ने अन्य कागजात आफैं राख्न पाउनु ।
- सहमतिअनुसारको पारिश्रमिक समयमा पाउनु ।
- दिउँसोको खाना खान र कामका बीचमा छोटा विश्राम गर्न पाउनु ।
- कुनै पनि बेला जागिर छाड्न पाउनु ।
- बदलाको डर नभइ अन्यायको भएको थाहा पाउन पाउनु ।
- रोजागारीको सम्झौताको प्रतिलिपि श्रमिकले बुझ्ने भाषामा राख्न पाउनु ।
- यदि आवासको बन्दोबस्त गरियो भने, जिम्मेवार देशको आवास तथा सुरक्षाले मापदण्ड पूरा गरेका आवासमा बस्न पाउनु ।

मानव तस्करीको शंका लागेमा अमेरिका रक्षा मन्त्रालयका इन्स्पेक्टर जनरलको यी सीधा फोनमा उजुरी गर्नुहोस्: १-८००-४२४-९०९८ वा dodig.mil/hotline.

सातै दिन २४ घन्टे सहायताका लागि, राष्ट्रिय मानव तस्करी श्रोत केन्द्र (National Human Trafficking Resource Center) को फोन १-८८८-३७३-७८८८ मा सम्पर्क गर्नुहोस् ।

# Trafficking in PerSons

राष्ट्रिय मानव तस्करी श्रोत केन्द्र (NHTRC) राष्ट्रिय स्तरको हो, जहाँ फोन गर्ने व्यक्तिको खर्च नपर्ने गरी देशको कुनै ठाउँबाट फोन गर्दा दिनको २४ घन्टा, हप्ताको ७ दिन, र वर्षका हरेक दिन जवाफ दिने सेवा उपलब्ध छ । यो केन्द्र कानुन कार्यान्वयन गर्ने वा अध्यागमनसम्बन्धी कार्यालय होइन, र यो गैर-सरकारी संस्थाबाट सञ्चालित छ ।

## उल्लंघन गर्नेले सबै अमेरिकी सरकारसँग व्यापार गुमाउनेसहितको गम्भीर परिणामहरू सामना गर्नुपर्छ

# सबै श्रमिकलाई

# निष्पक्ष व्यवहार

यदि तपाईंको संस्थाले अमेरिकाको लगानीको प्रतिरक्षा ठेक्का पाएको छ भने तपाईंले तपाईंका कामदारलाई अमेरिकी कानुन तथा नियमबमोजिम व्यवहार गरेको निश्चित गर्नुपर्छ ।

परिचय

श्रमिकलाई दुर्व्यवहारबाट रोकथाम

दुर्व्यवहारकर्ताविरूद्ध उपायहरू

## मन्त्रालयको सीधा सम्पर्क गर्ने फोन उपलब्ध छः

अमेरिकी रक्षा मन्त्रालयको सीधा सम्पर्कको वेबसाइटः
dodig.mil/hotline

अमेरिकी रक्षा मन्त्रालयको सीधा सम्पर्क फोनः

अमेरिकी संस्थापनबाट डिएसएन पहुँच (सम्पर्क):
94-800-424-9098


अमेरिकाभित्रः
800-424-9098 (फोन गर्ने व्यक्तिको खर्च नपर्ने) वा
703-604-8799

अमेरिकाबाहिरः
00-1-703-604-8799

## कम्पनीको स्व-उजुरी

कम्पनीहरू मानव अधिकार उल्लंघनमा प्रतिबन्ध लगाउनुपर्छ, उल्लंघन कर्मचारीलाई रोजगारीबाट हटाउनुपर्छ, र ठेक्कासम्बन्धी अमेरिकी अधिकारीलाई त्यस्तो दुर्व्यवहारबारे उजुरी गर्नुपर्छ । आफैं-सुध्रनाले तपाईंले आफूलाई गम्भीर परिणामहरू सामना गर्ने अवस्थाबाट बचाउन सक्नुहुन्छ । यदि अमेरिकी रक्षा मन्त्रालयअन्तर्गतको ठेक्कामा दुर्व्यवहार भएको छ भने निम्नलगायत गम्भीर सजायको संभावना हुन्छः

- प्रशासनिक कारवाहीः:
  - कर्मचारी हटाउने आदेश
  - उप-ठेक्का रद्द गर्ने आदेश
  - ठेक्काको खारेजी
  - अमेरिकी सरकारसँगको व्यवसायका लागि तपाईंलाई निलम्बन वा बन्देज सूचीमा दर्ता, अयोग्य ठहर
- कानुनी कारवाहीः:
  - आर्थिक जरिवाना
  - कारागार समय



उल्लंघनको निष्कर्षका लागि अमेरिकी निकायलाई कुर्नु पर्दैन । निषिद्ध गरिएका यस्ता काम-कार्वाहीबारे उजुरी गर्नुहोस्:

Ver 1.2, Pub 09/14